**आकाशवाणी समाचार- नेपाली**
मितिः ०६ फरवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- निर्वाचन आयोगले राज्यमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एसआईआर अंतर्गत स्थायी निवास प्रमाण पत्र मान्य दस्तावेजहरुमा शामेल रहेको बताएको छ।

- रेल मंत्री अश्विनी वैष्णवले हिज राज्यमा सिउरी रोड ओवरब्रिज अनि कुमारपुर रोड ओवरब्रिज को वर्चुअल माध्यमबाट उद्घाटन गर्नुभएको।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज "परीक्षा पे चर्चा" २०२६ को दोस्रो प्रकरणमा देशभरी का विद्यार्थीहरूसित अन्तर्क्रिया गर्नुहुनेछ।

- सिलगड़ी नजिक सालबारीमा एउटा पैरामेडिकल संस्थानमा छात्राहरुले विरोध प्रदर्शन गरिरहेका छन्।

**पश्चिम बंगाल निर्वाचन आयोग - एसआईआर**

निर्वाचन आयोगले राज्यमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण-एसआईआर अंतर्गत स्थायी निवास प्रमाण पत्र मान्य दस्तावेजहरुमा शामेल रहेको बताएको छ। राज्यको मुख्य निर्वाचन अधिकारीलाई लेखिएको पत्रमा आयोगले राज्यमा स्थायी निवास प्रमाण पत्र राज्य सरकारको 2 नवंबर, 1999 को पत्र अनि यस पछि जारी गरिएको आदेशहरु अनुसार जारी गरिने बताएको छ। आयोगले लोक प्रतिनिधित्व अधिनियम अंतर्गत सक्षम अधिकारीद्वारा जारी स्थायी निवास प्रमाण पत्रहरुलाई मात्र स्वीकार गरिने निर्देश पनि दिएको छ। आयोग अनुसार यस्ता प्रमाण पत्र राज्य सरकारको अधिसूचित कडा दिशा-निर्देश अनुसार जारी गरिन पर्नेछ। आयोगले यी निर्देशहरुलाई सबै संबंधित अधिकारीहरुलाई संज्ञानमा लिएर कडाईसित पालन गर्ने निर्देश पनि दिएको छ।

**वैष्णव - रेल सेवा का शुभारंभ**

रेल मंत्री अश्विनी वैष्णवले हिज राज्यमा सिउरी रोड ओवरब्रिज अनि कुमारपुर रोड ओवरब्रिज को वर्चुअल माध्यमबाट उद्घाटन गर्नुभयो। उहाँले आसनसोल-बोकारो रेल सेवालाई हरियो झंडा देखाएर प्रस्थान पनि गराउनुभयो। यस अवसरमा श्री वैष्णवले यी परियोजनाहरु राज्यमा रेल अवसंरचनालाई सशक्त बनाउने, सुरक्षा बढ़ाउने अनि क्षेत्रीय संपर्कमा सुधार ल्याउने दिशा मा एक महत्वपूर्ण कदम रहेको बताउनुभयो। रेल मंत्रीले यस वर्ष राज्यमा रेलवेका लागि 14 हजार 205 करोड़ रुपियाँ आवंटित गरिएको बताउनुभएको छ।

**गिरिराज-पश्चिम बंगाल**

केन्द्रीय कपड़ा मन्त्री गिरिराज सिंहले राज्यमा भारतीय जनता पार्टी (भाजपा) सत्तामा आएमा सरकारले ह्यान्डलुम बुनकरहरूलाई वार्षिक 10 लाख रुपियाँ सम्म कमाउने सुनिश्चित गर्ने घोषणा गर्नु भएको छ। शान्तिपुरमा बुनकर सम्मेलनलाई सम्बोधन गर्नु हुदै श्री सिंहले शान्तिपुरका प्रसिद्ध साडीहरू अमेरिका र युरोपका बजारमा निर्यात गर्ने वाचा गर्नु भयो। बुनकरहरूको घट्दो संख्याप्रति चिन्ता व्यक्त गर्दै उहाँले भन्नु भयो उनीहरूको हालको मासिक आय 3000 देखि 6000 रुपियाँको बीचमा स्थिर छ। श्री सिंहले बुनकरहरूलाई धागो किन्नका लागि बनाइएको केन्द्रीय योजनाहरू रोक्नका लागि राज्य सरकारको आलोचना गर्नु भयो। उहाँले धागो किन्नको लागि केन्द्रले दिएको 500 करोड रुपियाँको लगभग 80 प्रतिशत बुनकरहरू सम्म नपुगेको आरोप लगाउनु भयो । श्री सिंहले यदि भारतीय जनता पार्टी सत्तामा आए पार्टीले यी वित्तीय अनियमितताहरूको जाँच गर्ने र भ्रष्टहरूलाई कडा दण्ड दिने बताउनुभएको छ।

## संसद में आज

लोकसभा अनि राज्यसभामा आज केंद्रीय बजट 2026-27 माथि अधिको चर्चा हुनेछ। वित्त मंत्री निर्मला सीतारामनले गत १ फरवरीमा संसदमा केंद्रीय बजट पेश गर्नुभएको थियो। गत 28 जनवरीदेखि शुरू भएको बजट सत्र को पहिलो चरण आगामी 13 फरवरी सम्म चल्नेछ। बजट सत्रको दोस्रो चरण 9 मार्च देखि शुरू भएर 2 अप्रैल सम्म चल्नेछ।

## परीक्षा पे चर्चा

प्रधानमन्त्री नरेन्द्र मोदीले आज "परीक्षा पे चर्चा" २०२६ को दोस्रो प्रकरणमा देशभरी का विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्नुहुनेछ। कार्यक्रम बिहान १० बजे विभिन्न प्लेटफर्महरूबाट प्रसारित हुनेछ। केही दिनमा बोर्ड परीक्षा हुन गैरहेको छ यसैले विद्यार्थीहरूसँगको अन्तर्क्रियाको केन्द्रबिन्दु परीक्षाको दबाब, तयारी रणनीति, समय व्यवस्थापन र आत्मविश्वास निर्माण गर्न सकारात्मक सोचमा हुनेछ। प्रधानमन्त्रीले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएकोछ यस एपिसोडमा तमिलनाडुको कोइम्बटूर, छत्तीसगढको रायपुर, गुजरातको देव मोगरा र आसामको गुवाहाटीका परीक्षा योद्धाहरूसँग अन्तर्क्रिया गर्नु हुनेछ। "परीक्षा पे चर्चा" को नवौं संस्करणको दोस्रो एपिसोड प्रधानमन्त्री नरेन्द्र मोदीको युट्युब च्यानल, दूरदर्शन र शिक्षा मन्त्रालयको सामाजिक सञ्जाल प्लेटफर्महरूमा प्रसारण गरिनेछ। "परीक्षा पे चर्चा" को यस सत्रमा प्रधानमन्त्रीले बोर्ड परीक्षा कसरी सञ्चालन गर्ने, आत्मविश्वास कसरी निर्माण गर्ने, सकारात्मक रहन र मानसिक तनाव र दबाब जस्ता सामान्य चुनौतीहरूलाई कसरी पार गर्ने भन्ने बारेमा उपयोगी सल्लाह साझा गर्नुहुनेछ। कार्यक्रमको पहिलो एपिसोड फेब्रुअरी ६ मा प्रसारित भएको थियो, जहाँ प्रधानमन्त्री मोदीले प्रश्नहरूको जवाफ दिनुभयो र सहभागीहरूसँग अन्तरक्रिया गर्नुभयो। यो अत्यधिक लोकप्रिय वार्षिक कार्यक्रम राष्ट्रव्यापी जनआन्दोलन बनेको छ, जसमा लगभग ४ करोड ५० लाख विद्यार्थी, शिक्षक र अभिभावकहरूले MyGov पोर्टल मार्फत भाग लिएका छन्।

## केंद्रीय प्रत्यक्ष कर बोर्ड - आयकर

**केंद्रीय प्रत्यक्ष कर बोर्ड** ले आयकर अधिनियम, 2025 सित संबंधित प्रस्तावित आयकर नियमहरु अनि प्रपत्रहरुमाथि हितधारकहरुबाट सुझाव आमंत्रित गरेको छ। आयकर अधिनियम-2025 लाई गत वर्ष अगस्तमा राष्ट्रपतिले स्वीकृति दिनुभएको थियो। यो आगामी १ अप्रैलदेखि लागू हुनेछ। वित्त मंत्रालय अनुसार अंतिम अधिसूचना अघि प्रस्तावित आयकर नियम अनि प्रपत्र आधिकारिक वेबसाइट **इन्कम टैक्स ऑफ इंडिया डॉट जीओवी डॉट आई एन incometaxindia.gov.in** मा अपलोड गरिएको छ। भाषालाई सरल बनाउन, मुद्दाहरुलाई कम गर्न, अनुपालन बोझलाई कम्ती गर्न अनि अनावश्यक तथा अप्रचलित नियम एवं प्रपत्रहरुको पहिचान गर्ने संबंधमा सुझाव मांगिएक छ।

**विशिष्ट पहचान प्राधिकरण-एम.बी.यू.**

भारतीय विशिष्ट पहचान प्राधिकरणले एक करोड भन्दा अधिक स्कूले नानीहरुको अनिवार्य बायोमेट्रिक अपडेटको कार्य पूरा गरेको छ। इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्रालय अनुसार प्राधिकरणको क्षेत्रीय कार्यालयहरु अनि राज्यहरुका शिक्षा विभागहरुले मिशन मोडमा काम गर्दै मात्र पांच महीनामा 83 हजार स्कूलहरुमा बायोमेट्रिक अपडेट शिविर आयोजित गरेको छ। यसको लागि नानीहरुलाई प्रोत्साहित गर्न अनि यो सेवा सबैलाई सुलभ बनाउनकालगि प्राधिकरणले विगत वर्ष १ अक्टूबर देखि यस वर्ष 30 सितम्बर सम्म 7 देखि 15 वर्षका आयु वर्गको लागि शुल्क माफ गरिदिएको छ।

**साइबर अपराधी गिरफ्तार**

राजस्थान पुलिसले सिलगड़ीका दुइ व्यापारीहरुलाई सिलगढ़ीको भक्तिनगर थानाको सहायताद्वारा गिरफ्तार गरेको छ। पुलिसले बताए अनुसार साइबर धोखाधड़ीको मामला 2019 मा राजस्थानको जयपुरमा बानी पार्क थाना मा दर्ता गरिएको थियो, तब देखि आरोपी भागिरहेको बताइएको छ। धेरै वर्षोको जाँच पछि राजस्थान पुलिसले यी भागेका व्यक्तिहरुको ठेगाना सिलगड़ीमा रहेको पाए जस पछि विशेष सूचनाको आधारमा, राजस्थान पुलिसले भक्तिनगर पुलिस स्टेशनको सहायता द्वारा जलपाईगुड़ी जिलाको ज्योति नगरबाट आरोपियीहरुलाई गिरफ्तार गरेको बताइएको छ। पुलिसले साइबर धोखाधड़ीको मामलाको विवरण सार्वजनिक गरेको छैन।

**सिलगड़ी-छात्र विरोध प्रदर्शन**

सिलगड़ी नजिक सालबारीमा एउटा पैरामेडिकल संस्थानमा छात्राहरुले विरोध प्रदर्शन गरिरहेका छन्। छात्रहरुको संस्थान सरकारी अधिकारीहरुसित विधिवत संबद्ध नरहेको आरोप लगाएको छ। छात्राहरुले संस्थानद्वारा दिइँदै गरेको जीएनएम, बीएससी नर्सिंग अनि अन्य पाठ्यक्रमहरुको प्रमाण पत्र अमान्य रहेको आरोप पनि लगाएको छ। छात्राहरुले यसद्वारा उनीहरुको भविष्य संकटमा पर्ने गुनासो पोखेका छन्। यसै बीच, प्रबंधनले बताए अनुसार यो संस्थान केवल एक व्यावसायिक प्रशिक्षण संस्थान मात्र हो। पुलिसले विरोध प्रदर्शनलाई नियंत्रित गर्न अनि कुनै पनि अप्रिय घटनालाई रोक्नको लागि परिसरमा पुगेको बताइएको छ।

**अनित-घैयाबारी**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिको सांगठनिक सभा घैयाबारीस्थित समष्टि पार्टी कार्यालयमा हिज सम्पन्न भएको छ। तीनधारे महानदी समष्टिका सभासद नवराज छेत्रीको अध्यक्षता सम्पन्न भएको यस सभामा जीटीएकी कार्यकारी सभासद एवं पंखाबारी लङ्भ्यू अम्बटे समष्टिकी सभासद कल्पना प्रधान प्रमुख अतिथि थिइन्। सभामा खरसाङ चिम्नी देवराली समष्टिका सभासद श्याम शेर्पा पनि उपस्थित रहेका थिए। उक्त सभा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापाको तीनधारे महानदी समष्टि क्षेत्रमा आगामी 19 फरवरीमा हुने भएको भ्रमण र कर्मी सभालाई लिएर चर्चा परिचर्चा गरियो।

**स्वास्थ्य जाँच**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउनको सहयोगमा सिलगढीको एक निजी नर्सिङ होम र सिलगढी लायन्स नेत्रालयको संयोजनमा हिज खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 3 अनि 4 मा नि:शुल्क स्वास्थ्य जाँच शिविरको आयोजना गरियो।

****** ० ******